आज मिति २०८३ भाद्र ११ गते बिहीबारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.ब. २०८३/८४ को दोस्रो बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री कमल भट्टराई | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स/प्रवक्ता | श्री वच्चुराज वस्याल | | |

आ.ब.२०८३/८४ को दोस्रो नगरकार्यपालिका वैठकका निर्णयहरु:-

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा</td><td>अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गरियो ।</td></tr>
<tr><td>२</td><td>मिति २०८३ भाद्र १० गते रसुवा जिल्ला स्थित भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावितहरुका लागि सहायता सम्बन्धमा ।</td><td>१. मिति २०८३ भाद्र १० गते रसुवा जिल्ला स्थित भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण ज्यान गुमाउनु भएका सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्ने। साथै, बाढीमा परी घाइते तथा प्रभावित हुनुभएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने ।<br><br>२. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोगः<br>विपद् प्रभावितको उद्धार, राहत, पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उदेश्यले टोखा नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरूको सेवा सुविधा, कर्मचारी एवं शिक्षकहरुको पारिश्रमिक र नगरपालिकाको विपद व्यवस्थापन कोषबाट कट्टा हुने गरी रु. २० लाख नेपाल सरकार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने ।साथै, सम्पूर्ण नगरवासीलाई आ-आफ्नो तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग रकम उपलव्ध गराउन आह्वान गर्ने ।<br>जनप्रतिनिधिहरुको सेवा सुविधा मध्येबाटः<br><br>पद | कट्टाहुने रकम प्रतिव्यक्ति | कै.<br>प्रमुख तथा उपप्रमुख | १५ हजार |<br>वडाध्यक्ष | ५ हजार |<br>का.पा. सदस्य | २ हजार |<br>वडा सदस्य | १ हजार |<br><br>कर्मचारी तथा शिक्षकहरुको पारिश्रमिक मध्येबाटः<br><br>पद | कट्टाहुने रकम दर प्रतिव्यक्ति | कै.<br>अधिकृतस्तरको कर्मचारी तथा मा.वि. वा सो भन्दा माथिको शिक्षक | सम्बन्धितको ३ दिनको आधारभूत पारिश्रमिक वरावर |<br>सहायकस्तरको कर्मचारी तथा नि.मा.वि. तहको शिक्षक | सम्बन्धितको २ दिनको आधारभूत पारिश्रमिक वरावर |<br>नगर प्रहरी तथा सहयोगी कर्मचारी एवं प्रा.वि. शिक्षक | सम्बन्धितको १ दिनको आधारभूत पारिश्रमिक वरावर |<br><br>कूल रकम २० लाख मध्ये माथि उल्लेख भए बमोजिम कट्टागरी नपुग हुन आउने रकम नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट उपलव्ध गराउने ।</td></tr>
</table>

CamScanner

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | **३. भौतिक संरचना निर्माण सहयोगः**<br>प्रभावित क्षेत्र मध्येको कुनै सार्वजनिक संरचना निर्माणको लागि सम्बन्धित स्थानीय तहलाई रु. १ करोड अनुदान वापत आगामी नगरसभाबाट अनुमोदन हुने गरी उपलव्ध गराउने ।<br>**४. उपचारमा बिशेष प्राथमिकता दिन अनुरोधः**<br>विपद्मा परी घाइते हुनुभएका व्यक्तिहरुको स्वास्थ्य अवस्था अनुसार उपचारमा विशेष प्राथमिकता दिन नगरपालिका भित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई अनुरोध गर्ने ।<br>**५. राहत सामाग्री संकलन तथा वितरणः**<br>प्रभावित क्षेत्रको लागि खाद्य सामग्री, लत्ताकपडा, औषधि लगायत राहत सामग्री उपलव्ध गराउन ईच्छुक व्यक्ति तथा संस्थाहरुलाई सोको लागि आह्वान गर्दै सम्बन्धित वडा कार्यालयले संकलनको व्यवस्था मिलाउने, संकलित सामाग्रीहरु सम्बन्धित जिल्लाको विपद् व्यवस्थापन समितिसँगको समन्वयमा आवश्यकता अनुसार विपद् प्रभावित क्षेत्रमा वितरणको लागि ढुवानीको व्यवस्था मिलाउने ।<br>**६. सम्पर्क विहिन नगरवासीको खोजतलासः**<br>विपद् प्रभावित क्षेत्रबाट हाल सम्म सम्पर्कमा नआएका टोखा नगरवासीका आफन्तलाई नगरपालिकामा जानकारी गराउन आह्वान गरी सम्बन्धित निकायसँगको सहयोगमा सम्पर्क विहिन टोखा नगरवासीको खोज तलासको लागि नगरपालिकाले पहल गर्ने ।<br>प्रभावित क्षेत्रमा विपद्को जोखिम कायमै रहेकोले धैर्यताका साथ थप सर्तकता अपनाउन सम्पूर्ण महानुभावहरूलाई हार्दिक अनुरोध गर्ने ।<br>यस विषम् परिस्थितिमा उद्धार तथा राहत कार्यमा खटिनुभएका जनप्रतिनिधि, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, राष्ट्रसेवक कर्मचारी तथा स्वयंसेवकले पुऱ्याउनु भएको योगदानको उच्च प्रशंसा गर्दै उक्त कार्यमा निरन्तर लाग्न टोखा नगरपालिकाको तर्फबाट सबैमा अपिल गर्ने ।<br>**७. तत्काल पिउने पानीको प्रवन्ध गर्नेः**<br>प्रभावित क्षेत्रका लागि तत्काल १०० केस पिउने पानी नगरपालिकाबाट खरिद गरि अविलम्व ढुवानीको व्यवस्था मिलाउने । |
| | | |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ३. भौतिक संरचना निर्माण सहयोगः<br>प्रभावित क्षेत्र मध्येको कुनै सार्वजनिक संरचना निर्माणको लागि सम्बन्धित स्थानीय तहलाई रु. १ करोड अनुदान वापत आगामी नगरसभाबाट अनुमोदन हुने गरी उपलव्ध गराउने ।<br>४. उपचारमा विशेष प्राथमिकता दिन अनुरोधः<br>विपद्मा परी घाइते हुनुभएका व्यक्तिहरुको स्वास्थ्य अवस्था अनुसार उपचारमा विशेष प्राथमिकता दिन नगरपालिका भित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई अनुरोध गर्ने ।<br>५. राहत सामाग्री संकलन तथा वितरणः<br>प्रभावित क्षेत्रको लागि खाद्य सामग्री, लत्ताकपडा, औषधि लगायत राहत सामग्री उपलव्ध गराउन ईच्छुक व्यक्ति तथा संस्थाहरुलाई सोको लागि आह्वान गर्दै सम्बन्धित वडा कार्यालयले संकलनको व्यवस्था मिलाउने, संकलित सामाग्रीहरु सम्बन्धित जिल्लाको विपद् व्यवस्थापन समितिसँगको समन्वयमा आवश्यकता अनुसार विपद् प्रभावित क्षेत्रमा वितरणको लागि ढुवानीको व्यवस्था मिलाउने ।<br>६. सम्पर्क विहिन नगरवासीको खोजतलासः<br>विपद् प्रभावित क्षेत्रबाट हाल सम्म सम्पर्कमा नआएका टोखा नगरवासीका आफन्तलाई नगरपालिकामा जानकारी गराउन आह्वान गरी सम्बन्धित निकायसँगको सहयोगमा सम्पर्क विहिन टोखा नगरवासीको खोज तलासको लागि नगरपालिकाले पहल गर्ने ।<br>प्रभावित क्षेत्रमा विपद्को जोखिम कायमै रहेकोले धैर्यताका साथ थप सर्तकता अपनाउन सम्पूर्ण महानुभावहरूलाई हार्दिक अनुरोध गर्ने ।<br>यस विषम् परिस्थितिमा उद्धार तथा राहत कार्यमा खटिनुभएका जनप्रतिनिधि, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, राष्ट्रसेवक कर्मचारी तथा स्वयंसेवकले पुऱ्याउनु भएको योगदानको उच्च प्रशंसा गर्दै उक्त कार्यमा निरन्तर लाग्न टोखा नगरपालिकाको तर्फबाट सबैमा अपिल गर्ने ।<br>७. तत्काल पिउने पानीको प्रवन्ध गर्नेः<br>प्रभावित क्षेत्रका लागि तत्काल १०० केस पिउने पानी नगरपालिकाबाट खरिद गरि अविलम्व ढुवानीको व्यवस्था मिलाउने । |
| ३ | कार्यक्रम खर्च भुक्तानी सम्बन्धमा । | टोखा नगरपालिका वडा नं. ५ मा रहेको श्री युवा क्लवको आयोजनामा मिति २०८३-५-६ गते भएको सांस्कृतिक तथा महिला सशक्तिकरण सम्बन्धी सांस्कृतिक कार्यक्रममा भएको खर्च मध्ये रु. ३ लाख १९ औं नगरसभाको कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट श्री युवा क्लवको सिफारिसमा सम्बन्धित खर्च विल भर्पाई पेश गर्ने संस्थालाई भुक्तानी उपलव्ध गराउने । |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| ४ | उपचार खर्च भुक्तानी सम्बन्धमा । | टोखा नगरपालिकाको नाममा रहेको बा. १ झ. ९७५० नं. को एम्बुलेन्सले केदारनाथ खतिवडालाई ठक्कर दिई दुर्घटनामा परेकोले सो दुर्घटना पश्चातको उपचार खर्चको लागि पेश भएको विल अनुसारको रकम रु. १०३३८९/- ( एक लाख तीन हजार तीन सय उनानव्वे रुपैयाँ मात्र) सोधभर्ना वापत निवेदक बासुदेव खतिवडालाई भुक्तानी उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन दिने । साथै, सो दुर्घटनामा ग्रीनसीटी अस्पतालको विल बमोजिमको रकम रु. २२८८४३/- (दुई लाख अठ्ठाईस हजार आठ सय त्रिचालिस रुपैयाँ मात्र) साविकमा अस्पताललाई भएको भुक्तानी रकम अनुमोदन गर्ने । |

CamScanner